म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ३१ बिहीबार १३ भदौ २०८१ ने. सं. ११४४ गुँलागा 29 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

OPENING SOON
ERKE
Erke brand authorized showroom
D next dress up
हेटौँडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६

## आफ्नै अर्गानिक साबुन प्रयोग गर्दै वनकरिया

साझाकुरा संवाददाता



हेटौँडा, १२ भदौ/ वनकरिया समुदायले भाँडा माझ्ने, लुगाधुने र नुहाउने साबुन बजारबाट खरिद नगरी आफ्नै उत्पादन प्रयोग गरिरहेका छन् । घ्यूकुमारी, तितेपाती र नीमको पातबाट अर्गानिक साबुन उत्पादन गरी घरायसी प्रयोजनका साथै बिक्री पनि गरिरहेका हुन् ।

तीन दसक अघिसम्म फिरन्ते जीवन बिताइरहेका वनकरिया महिलाले एक वर्ष अघि घरेलु उद्योग दर्ता गरेर साबुन उत्पादन गर्न थालेका हुन् । गाउँघरमा पाइने जडिबुटीबाट अर्गानिक साबुन उत्पादन गर्न घरेलु उद्योगमा जोडिएका हुन् । मकवानपुरको मनहरी गाउँपालिका-४ मुसेधापमा मात्रै बसोबास रहेको लोपोन्मुख सीमान्तकृत वनकरिया समुदायले घरेलु उद्योगकारुपमा उद्योग दर्ता गरेका छन् । उनीहरुले उत्पादन गरेका साबुन गाउँमा नै खपत हुने गरेको वनकरिया समुदायकी अगुवा महिला सन्तोषी वनकरियाले बताइन् ।

वनकरिया चेपाङ महिला साबुन उद्योगको नाममा २५ जना वनकरिया वनकरिया मिलेर उद्योग दर्ता गरेका हुन् । राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चले उनीहरुलाई साबुन बनाउने तालिम दिएपछि आयआर्जनमा आफूहरु जोडिने अवसर प्राप्त भएको सन्तोषीले बताइन् । साबुन उत्पादन गर्नको लागि आवश्यक औजारसमेत मञ्चले उपलब्ध गराएको थियो । 'साबुनका लागि नीमको बोट आफ्नै बारीमा रोपेका छन् । घ्यूकुमारी पनि उनीहरुकै बारीमा छ । तितेपातीको खासै दु:ख छैन, जताततै पाइन्छ सन्तोषीले भनिन् ।

तालिम दिएको संस्थाले फर्मा र साबुन बनाउन आवश्यक सामग्रीसहित दुई लाख रुपैयाँ बीउपूँजी उपलब्ध गराएको थियो । उनीहरुले साबुन बनाउन बुटवलबाट फर्मा ल्याएका थिए । 'साबुन बनाउन मिहेनत पर्छ, तितेपाती टिप्न जानुपर्‍यो, केलाउनुपर्‍यो पकाउनुपर्‍यो,' सन्तोषीले भनिन् । यहाँ उत्पादन गरिएको साबुन घाउ खटिरा, चिलाउने समस्या भएका र छालाका रोगीलाई राम्रो हुने उनीहरुको बिश्वास छ । घ्युकुमारी, नीमको पात र तितेपातीको पेस्ट बनाएर, झन्डै एक घण्टा पकाएपछि त्यसलाई साबुन बनाउने फर्मामा हालिन्छ ।

मञ्चले समूहका लागि साबुन निर्माण गर्न पाँचवटा फर्मा दिएको छ । जसमा कुनैमा एक पटकमा ६ वटा साबुन बनाउन मिल्छ भने कुनैमा एकैपटक २४ वटासम्म साबुन उत्पादन गर्न सकिन्छ । सानो, मध्यम र ठूलो साबुन उत्पादन गरेका वनकरिया महिलाले प्रतिगोटा २० देखि ६० रुपैयाँसम्ममा साबुन बेच्ने गरेका छन् । तालिम दिन सहयोग गर्ने संस्थाले साबुन खरिद गरिदिने गरेको छ । 'अहिले साबुन खरिद बिक्रीको समस्या छैन,' सन्तोषीले भनिन्,- 'पालिकामा रहेका विभिन्न कार्यालय र गाँउमा मानिसले यही साबुन खरिद गर्ने गरेका छन्,' । त्यतिमात्र होइन, वनकरिया बस्तीका २२ घर परिवारले यही साबुन प्रयोग गर्छन् । लगानी पुँजी न्यून भएकाले उत्पादन पनि न्यून हुने गरेको छ ।

साना किसान कृषि सहकारी, राष्ट्रिय आदिवासी महिला मञ्चले साबुन किनिदिएको छ । स्थानीय बजारमा विस्तारै पहुँच बढाउँदै छन् उनीहरु । लोपोन्मुख वनकरिया समुदायको नाममा एकधुर जमिन पनि छैन । उनीहरु धर्तीपुत्र भएपनि उनीहरूकै नाममा एक धुर जमिन नभएको मनहरी-४ का वडाध्यक्ष प्रकाश थापाले बताए । उनीहरु अहिले बसोबास गरिरहेको क्षेत्र पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्रको कबुलियती वन क्षेत्र हो । लोपोन्मुख वनकरिया समुदाय करिब तीन दशक अघिसम्म जंगलमा फिरन्ते जीवन बिताइरहेका थिए ।

उनीहरुको जीवनलाई सहज बनाउन सरकारले २०६२ सालमा मुसेधापस्थित कबुलियती वन उनीहरुलाई २० वर्षका लागि सम्झौता गरेर उपलब्ध गराएको थियो । शाही गृहमन्त्री कमल थापाले पहिलोपटक वनकरिया समुदायका १४ जनालाई नेपाली नागरिकता प्रदान गरेका थिए । अहिले बसोबास गरेकै स्थानको जग्गाको लालपुर्जा उपलब्ध गराइदिन सरकारसँग वनकरिया समुदायले माग गर्दै आएको छ । मुसेधापमा अहिले २२ घरपरिवारमा ९३ जना वनकरिया बसोबास गर्दै आएका छन् । सरकारले २०६६ सालदेखि लोपोन्मुख दश वटा जातिलाई मुलुकको मूलधारमा ल्याउने उद्देश्यले वनकरिया समुदायलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउदै आएको छ ।

वनकरिया समुदायका ६ जनाले स्थानीय पशुपतिनाथ माविबाट प्रबेशिका/एसईई परीक्षा उत्तीर्ण गरेका छन् । पम्फा, सन्तोषी, अनिलले प्राविधिक विषय अध्ययन गरेका छन् भने फूलमाया र मालतीले हाल मकवानपुर बहुमुखी क्याम्पसमा १२ कक्षामा अध्ययन गरिरहेका छन् । पशुपतिनाथ माविमा अहिले १४ जना वनकरिया बालबालिका अध्ययन गरिरहेको विद्यालयले जनाएको छ ।

## पछिल्लो ५ वर्षमा नयाँ उद्योग दर्ता घट्दै, बन्द गर्ने बढ्दै

साझाकुरा संवाददाता

हेटौँडा, १२ भदौ/ पछिल्लो पाँच वर्षयता मकवानपुरमा नयाँ उद्योग व्यवसाय दर्ता घट्दो र बन्द गर्ने क्रम बढ्दै गएको छ । विश्वव्यापीरुपमा देखिएको आर्थिक मन्दी, बैंक तथा वित्तीय संस्थाबाट ऋण लगानी कम हुनु, पुँजीको अभाव, दोहोरो दर्ताको व्यवस्थालगायत कारण यहाँ बर्सेनी नयाँ उद्योग व्यवसाय दर्ता घट्दै र बन्द हुने क्रम बढ्दै गएको हो ।

उद्योग तथा वाणिज्य कार्यालयका अनुसार मकवानपुरमा आर्थिक वर्ष २०८०/८१ मा उद्योगतर्फ तीन सय ६६ र वाणिज्यतर्फ तीन सय ३५ नयाँ उद्योग व्यवसाय दर्ता भएका छन् । यो आवमा उद्योगतर्फ दुई सय ६८ र वाणिज्य तर्फ तीन सय ३६ उद्योग व्यवसाय बन्द भएको उद्योग तथा वाणिज्य कार्यालय मकवानपुरका प्रमुख रामप्रसाद भुषालले जानकारी दिए ।

भुषालका अनुसार आर्थिक वर्ष २०७९/८० मा उद्योगतर्फ पाँच सय ७९ र वाणिज्यतर्फ चार सय ३० नयाँ उद्योग व्यवसाय दर्ता हुदाँ उद्योगतर्फ र वाणिज्यतर्फका गरी दुई सय ८३ वटा उद्योगको लगतकट्टा गरिएको थियो । यसअघि आव २०७८/७९ मा उद्योगतर्फ सात सय ६७ र वाणिज्यतर्फ सात सय ७० नयाँ दर्ता भएको थियो । आर्थिक वर्ष २०७८/७९ मा उद्योगतर्फ र वाणिज्यतर्फ गरी एक सय १० वटा उद्योग व्यवसायको मात्र लगतकट्टा भएको थियो । आव २०७७/७८ मा उद्योगतर्फ आठ सय २० र वाणिज्य तर्फ आठ सय १० नयाँ उद्योग व्यवसाय दर्ता भएकामा सो आवमा उद्योगतर्फ र वाण्ज्यितर्फ गरी तीन सय ४० उद्योगको लगतकट्टा गरिएको कार्यालयको तथ्याङ्कले देखाएको छ ।

आव २०७६/७७ मा उद्योगतर्फ एक हजार पाँच सय ३६ र वाणिज्यतर्फ एक हजार पाँच सय २५ नयाँ उद्योग व्यवसाय दर्ता भएको थियो । यो आवमा उद्योगतर्फ र वाणिज्यतर्फका गरी दुई सय ४० उद्योग व्यवसायको लगतकट्टा गरिएको थियो । यसरी पछिल्लो पाँच वर्षको अवधिमा नयाँ उद्योग व्यवसाय दर्ता घट्दै जाँदा उद्योग व्यवसाय बन्द हुने क्रम बढ्दै गएको छ ।

विभिन्न निकायबाट अनुदान प्राप्त गर्न उद्योग व्यवसाय दर्ता गराउने र अनुदान पाइसकेपछि बन्द गर्ने प्रवृति, छोराछोरीलाई विदेश पठाउन व्यावसायिक पुँजी देखाउनका लागि मात्र व्यापार व्यवसाय दर्ता गराउने र पछि छोराछोरी विदेश गएपछि व्यापार व्यवसाय बन्द गर्ने, व्यापार घाटा हुनु र उद्योग कार्यालयमा दर्ता भएपछि स्थानीय तहमासमेत दर्ता गराउनुपर्ने दोहोरो भन्झटिलो व्यवस्थाका कारण पनि उद्योग व्यवसाय दर्ता भन्दा बन्द गराउने क्रम बढेको प्रमुख भुषालको भनाइ छ ।

लामो समयदेखिको आर्थिक मन्दीका कारण हेटौंडामा सटरको भाडा तिर्न नसक्दा व्यापारी सम्पर्कविहीन हुने क्रम बढ्दै गएको छ ।

HetaudaCityCollege.edu.np
ADMISSION OPEN



" First IT College In Makwanpur "
BSc.CSIT | BCA | BBS
Register Now
HETAUDA CITY COLLEGE (Affiliated to T.U.)
Hetauda - 5, Piple, Makwanpur
9855077417, 9855067435, 9855069444
Hetaudacitycollege@gmail.com

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरू:



☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।
प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५०२७०५७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# हेटौंडामा पर्याप्त पानी

हेटौंडा खानेपानी व्यावस्थापन बोर्डअन्तर्गतका २८ हजार धारामार्फत दैनिक साँढे तीन करोड लिटर पानी वितरण भइरहेको बताइएको छ । बोर्डले आर्थिक वर्ष २०८०/८१ को प्रगतिविवरण तथा आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम तथा बजेट सार्वजनिक गर्दै यसका विषयमा जानकारी दिएको हो । बिगतका दिनमा खानेपानी अभाव भएपनि अहिले पानीको अभाव भएको छैन । बोर्डले समवेल निर्माण गरी आवश्यक पानी उत्पादन गरिरहेको छ । बोर्डबाट मासिक एक करोड १६ लाख रुपैयाँको बिलिङ हुने गरेको छ । उपमहानगरका खानेपानी उपभोक्ता समितिलाई पनि बोर्डमा ल्याउने र उनीहरुलाई पानी वितरणमा सहज बनाउँदै लगेको छ । बोर्डले एक वर्षभित्र एक करोड लिटरभन्दा बढी पानी उत्पादन गरेको छ । समबेल, डिपबोरिङ र गाभिएका उपभोक्ता समितिबाट १ करोड लिटर खानेपानी थप भएको बोर्डले जानकारी दिएको छ । सामरी समबेलबाट दैनिक ६० लाख लिटर, मैदाटोलको समबेलबाट १५ लाख लिटर, लामसुरे डिपबोरिङबाट १२ लाख लिटर र उपभोक्ता समिति हस्तान्तरण भई थपिएको खानेपानी १४ लाख १७ हजार लिटर गरी एक करोड १ लाख १७ हजार लिटर खानेपानी एकवर्षमा थपिएको छ ।

बोर्डले प्रतिदिन ३ करोड ५७ लाख लिटर पानी उत्पादन गरी दैनिक सर दर ७ देखि ८ घण्टा २७ हजार ७ सय २१ धारामार्फत वितरण गर्दै आइरहेको छ । हेटौंडामा दैनिक ३ करोड ४० लाख लिटर पानीको माग छ । हेटौंडाको मुख्य नगर क्षेत्रभित्र २४ सै घण्टा पानी वितरण गर्न बोर्ड सफल भएको छ । हेटौंडा उपमहानगरको ७० प्रतिशत भूभागमा बसोबास गर्ने १ लाख ६० हजार नगरबासीलाई ३ करोड ५७ लाख लिटर खानेपानी वितरण गरिरहेको हो । खानेपानी संस्थान हुँदा दैनिक ५० देखि ६० लाख लिटरसम्म आपूर्ति हुन्थ्यो । खानेपानीको माग भने दैनिक १ करोड लिटरभन्दा बढी थियो । सुख्खा समयमा पानीको ठूलो हाहाकार हुन्थ्यो । संस्थान हस्तान्तरण भएर बोर्ड बनेपछि २०७० यताका १० वर्षमा खानेपानी आपूर्तिमा निकै सुधार भएको छ । नगरमा बसोबास गर्ने नगरवासीलाई स्वच्छ र सर्वसुलभ किसिमबाट गुणस्तरीय रुपमा एउटै शुल्कमा खानेपानी उपलब्ध गराउनु बोर्डको उद्देश्य रहेको छ । बोर्डमा हालसम्म १६ वटा उपभोक्ता समिति हस्तान्तरण तथा सेवाक्षेत्र विस्तार गर्दा ११ हजार धारा संख्या थपिएको छ । हेटौंडा उपमहानगरले नगरबासीलाई राहत दिने उद्देश्यले न्यूनतम खानेपानी महशुलमा १० हजार लिटसम्म खपतमा छुटको व्यवस्था गरेसँगै खानेपानी बोर्डमा उपभोक्ता समिति हस्तान्तरण हुने क्रम बढेको छ । बोर्डले हेटौंडा उपमहानगरपालिका, बागमती प्रदेश सरकार र संघीय सरकारसँग सहकार्य गरी सेवाक्षेत्रमा सुधार गर्दै नयाँ क्षेत्रमा नयाँ आयोजनाको थालनी गरिरहेको बोर्डले जानकारी दिएको छ । गत आर्थिक वर्षमा हेटौंडा-८ मैदाटोलमा सशस्त्र प्रहरी बलको कम्पाउण्डभित्र समबेल, मकवानपुरगढी गाउपालिका-४ स्थित सामरीपुल नजिकै प्रतिदिन ६० लाख लिटर पानी उत्पादन क्षमताको समवेल संचालनमा आएपछि सहज भएको हो ।

शक्तिखोलामा पानीको स्रोत पर्याप्त भएकाले हेटौंडा-१५, १६, १७ र १८ मा वितरण गर्न सकिने सम्भावना देखिएको बोर्डले जनाएको छ । बोर्डले गत आर्थिक वर्षमा १९ करोड १६ लाख रुपैयाँ आम्दानी गरेको छ । बोर्डले ग्राहकबाट पानी महसुल संकलनलगायत समग्र आन्तरिक आम्दानी लक्ष्यअनुसार संकलन गर्न सफल भएको छ । २०८१ असार मसान्तसम्म पानी महसुल, जरिवाना, नयाँ धारा जडान, थप पाइप तथा फिटिङ, मिटर जडान, मर्मत, नामसारी, निवेदन तथा अन्य दस्तुर र बैंकव्याज गरी वार्षिक कुल लक्ष्यको तुलनामा आन्तरिक आयतर्फ १०२.७५ प्रतिशत अर्थात १५ करोड ४ लाख ३६ हजार रुपैयाँ संकलन गरेको छ । बोर्डले बाह्य आम्दानीतर्फ हेटौंडा उपमहानगर र मकवानपुरगढी गाउँपालिकासँगको सहकार्यअन्तर्गत १ करोड ७९ लाख ९४ हजार रुपैयाँ प्राप्त गरेको छ । बोर्डको बैंकमा २ करोड ३२ लाख रुपैयाँ मौज्दात छ । गत आर्थिक वर्ष ०८०/८१ को असार मसान्तसम्मको बिलिङ रकम १३ करोड ९७ लाख रुपैयाँमध्ये १३ करोड ५८ लाख २५ हजार अर्थात ९७.२२५ महशुल उठाउन बोर्ड सफल भएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ भाद्र १४ गते शुक्रबार ३० अगष्ट २०२४ । द्वादशी, भाद्र कृष्णपक्ष । गुँलागा ११४४ ने.सं. । सूर्योदय ५:४२, सूर्यास्त ६:२५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अनावश्यक झंझट बृद्धि | **तुला** | : मित्रबर्गबाट धोका |
| **वृष** | : आरोप प्रत्यारोपको सामना | **वृश्चिक** | : सम्पत्ति सम्बन्धी विवाद |
| **मिथुन** | : ऋण नाश | **धनु** | : न्यायिक कार्यमा सफलता |
| **कर्कट** | : खर्च वृद्धि | **मकर** | : कार्यगत उतारचढाव |
| **सिंह** | : आफन्तबाट चिन्ता | **कुम्भ** | : आर्थिक सिद्धि |
| **कन्या** | : इष्ट सिद्धि | **मीन** | : कार्य सिद्धिमा विलम्ब |

# प्रचण्डले संसदमा सम्झाएको बंगलादेश-श्रीलंका



✍ बसन्त बस्नेत

प्रचण्डका बारेमा माओवादी वृत्तमा किस्सा छ- उनी अन्तर्विरोधमा खेल्न यति माहिर छन् कि, परिआयो भने आफ्नै नातिहरुलाई समेत राति हजुरबासँग कोचाहिँ सुत्न पाउँछ भनी आपसमा लडाइदिन्छन् । कहिले बाबुराम भट्टराई र मोहन वैद्य, कहिले विप्लव र वर्षमान पुन, कहिले जनार्दन शर्मा र वर्षमान पुन, प्रचण्डले खेलेका अन्तर्विरोधहरुको शृंखला पार्टीभित्र मात्रै सीमित छैन । हालका गृहमन्त्री र मेश लेखकले पालैपालो धोका पाएकाहरु एक ठाउँ मिले भने तपाईंको के हालत हुन्छ भनी पोहोर संसदमा गरेको भाषणले हामीलाई विगतमा प्रचण्डको धोकामा परेका गिरिजाप्रसाद कोइराला, माधव नेपाल, केपी ओलीदेखि अनेक पात्रहरुको सम्झना हुन्छ । र, ती बालक नातिहरु जसको नाम, वतन यहाँ नखोलौं । तर विम्ब र प्रतीकमा तिनलाई माओवादी पंक्तिमा जसरी चर्चा गरियो, यसको अर्थ भने प्रचण्डको मनोविज्ञानसँग ठ्याक्कै मिल्छ ।

त्यसैले दोस्रो पुस्ताका माओवादी नेताहरु कारुणिक हाँसो हाँस्दै यो नाति-किस्सा बेलाबखत सुनाउने गर्छन् । सबैलाई थाहा छ, प्रचण्ड यतिबेला राजनीतिक अस्तित्वको दबाबमा छन् । २६ साउनको पार्टी बैठकमा उपमहासचिव जनार्दन शर्माले १३ पानाको दस्तावेज राख्ने क्रममा त्यो संकटलाई तथ्यांकसहित राखिदिएका छन् । उनले सोधेका छन्, '०६४ चुनावका बेला १२० सिटमा हामीलाई बहुमत दिने मतदाता र निर्वाचन क्षेत्र प्राय: सबै हामीबाट खोसिएका छन् । हामी शून्यतर्फ उन्मुख छौं । पहिलो संसदीय चुनावमा हामीलाई प्राप्त ३१ लाख मतदाताको अभिमत अहिले खस्किएको छ । त्यसपछिका चुनावमा कुल मतदाता संख्या बढे पनि हामी भने निरन्तर १४ लाख, ११ लाख हुँदै अझ खुम्चिनेतर्फ उन्मुख छौं । आज पार्टीमा जो जति छन्, ती सबै असन्तुष्टि बोकेर बाँचेका छन् । यसको जिम्मेवारी मूल नेतृत्वले लिन किन आनाकानी गरिरहेको छ ?' जनार्दनले प्रचण्डको नाम नलिए पनि यो उनीबाहेक दोस्रो व्यक्तिलाई सोधिएको प्रश्न होइन । र, प्रचण्ड यतिबेला यो प्रश्न शानदार ढंगले पन्छाउन चाहन्छन् । मुखमा नेल्सन मन्डेला जप्ने नेपाली नेतृत्वको कुटकुटमा रोबर्ट मुगाबे बन्ने चाहना भरिएको छ ।

३५ वर्षयता निरन्तर पार्टीसत्ता, अनि पटकपटक राज्यको नेतृत्व वा साझेदारका रुपमा प्रचण्ड र उनको माओवादीले चलाएका छन् । बाबुराम भट्टराई प्रधानमन्त्री बन्दा होस् या त्यसअघि र पछि पार्टीका असंख्य उपप्रधानमन्त्री-मन्त्रीहरुको जुन लस्कर निर्माण भयो, पार्टी जतिसुकै सानो आकारमा खुम्चिँदै गए पनि ती मन्त्रीहरुलाई लाइन लगाउने हो भने पेरिसडाँडादेखि सिनामंगलसम्म पुग्न सक्छ । र, त्यो लस्कर माओवादीकै ब्यानरमा निर्माण भएको हो । अकालमै मारिएका शहीद र हराएका बेपत्ताका नाममा स्मृति गेट बनाएर माओवादीका नेताहरुले निरन्तर राज गरिरहे । र, आज प्रचण्ड नेपालमा बंगलादेश र श्रीलंकाको घटना दोहोरिन सक्ने खतरनाक चेतावनी संसदबाट दिइरहेका छन् । प्रधानमन्त्रीबाट हटेको डेढ महिनामै आफ्नो प्रयोजनविहीन म्याजिक नम्बर ३२ कै बलमा यत्रो शक्ति प्रचण्डलाई आएको हो ? वा यसका पछाडि अरु को छ ?

कहिले राजासँग, कहिले कांग्रेस, एमालेलगायत शक्तिसँग, कहिले भूराजनीतिक शक्तिहरुसँग अन्तर्विरोध सिर्जना गर्ने, त्यहाँभित्रको खिचातानी वा संकटलाई उपयोग गर्दै अगाडि बढ्ने प्रचण्डको पुरानो बानी हो । डेढ वर्ष शासन चलाएर असारमा बहिर्गमित हुनेबित्तिकै प्रचण्डलाई कहाँबाट अचानक श्रीलंका र बंगलादेशको सम्झना हुन आयो ? पक्कै पनि प्रचण्डले प्रतिपक्षी नेताको हैसियतमा मंगलबार प्रतिनिधिसभामा बोल्ने क्रममा सरकारमाथि थुप्रै प्रश्न उठाउनु अनौठो थिएन । प्रतिपक्षले संसदमा खेल्नुपर्ने भूमिकामा उनी अग्रसर बन्नुलाई प्रश्न उठाइहाल्न मिल्दैन पनि । तर प्रचण्डलाई एउटा प्रश्न भने सोधिएन भने अन्याय हुन्छ- युद्धपछि एकाधपल्टबाहेक सधैंजसो सत्तामै बसेर राज्यको भोगचलन गरिआएको माओवादीका शीर्ष नेताले किन श्रीलंका र बंगलादेशको दृष्टान्त दिँदै प्रधानमन्त्री केपी ओली र सत्ता साझेदार कांग्रेसलाई चुनौती दिए ? सबैलाई ज्ञान भएकै कुरा हो- अरब क्रान्ति होस् या त्यसयताका अनेक आन्दोलनहरुमा सामाजिक सञ्जालले युवाहरुलाई हालसम्मका कुनै पनि प्रविधिले भन्दा छिटोगरी एकत्रित गराइदिएको छ ।

विगतमा प्रचण्ड स्वयं, अनि कतिपय नेतामाथि हातपात प्रयास हुँदा सामाजिक सञ्जालमा भएका सेलेब्रेसनबारे उनलाई हेक्का नहुने कुरै भएन । टिकटक बन्द गराउने बेला प्रधानमन्त्रीको हैसियतमा उनले दिएका तर्क अझै बिर्सन मिल्दैन । काठमाडौं मेयर बालेनले सिंहदरबार जलाउँछु भन्दा वा सडक विभागमा फोहोर थुपार्दा हाललाई वाहवाहीको कमी छैन । रवि लामिछानेले समाचार लेखेकै आधारमा मिडिया अफिस घेर्न भीड लिएर आउँछु भन्दा हाईहाई र वि दाइ चलेको डेढ वर्षअघिमात्रै हो । भलै त्यही स्तरको उत्साह हिजोआज उनीप्रति देखिँदैन, त्यो जगगामा अर्केले झण्डा गाड्न लागिसक्यो ।

नायकको खोजीमा भौतारिइरहेको समाजमा अझै पनि आम असन्तोष चिर्न कोही बादशाह टाइपको व्यक्ति आउने छ भन्ने चाहना कम्ती छैन । जनताको मतमा क्रमश: साँघुरिँदै गए पनि प्रचण्डले मंगलबारको संसद भाषणमा आफूसँग असन्तुष्ट तिनै जनताको समेत पक्षबाट आवाज उठाउन खोजेका छन् । तर प्रचण्ड किन बंगलादेश र श्रीलंकाको विशाल भीड देखाएर त्रास सिर्जना गर्न खोज्दैछन्, जबकि उनी त्यही 'भीड' सँग डराएर काठमाडौंबाट सिरहा, सिरहाबाट चितवन, चितवनबाट गोरखा सरिरहेका छन् । जेसुकै तर्क दिए पनि प्रचण्ड चितवन ३ को सम्भावित उम्मेदवारीबाट रातारात गोरखा सर्नुका पछाडि कुन त्यस्तो त्रासपूर्ण मनोविज्ञानले काम गरेको थियो भन्ने उनीजत्ति राम्रो जानकारी अरु कसैलाई छैन ।

इतिहासको सही विश्लेषण गरौं । बंगलादेशमा जुन युवा विद्रोह भयो, त्यो नेपालमा पहिल्यै भइसक्यो । श्रीलंकामा जुन असन्तोष विस्फोट भयो, त्यो नेपालमा पहिल्यै विस्फोट भइसक्यो । नेपालमा क्रमिक लोकतान्त्रिक क्रान्तिहरुले विस्तार गर्दै लगेको मूलधार अझै पनि फैलिइसकेको छैन । यो अझै पनि संकुचित छ । अझै पनि नागरिकहरुले चाहेको जस्तो तीव्र सुधारले बाटो पक्रन सकेको छैन । प्रधानमन्त्री केपी ओली आफैंले तीन दिनअघि आफू चार वटा मातहत विभागलाई भर्खरै राखेर गरेको बैठकमा उठेका प्रश्नहरुबाट त्यसको छनक पनि मिल्छ । अझै पनि सामाजिक विस्फोटहरु उत्पन्न नहोलान् भन्न सकिन्न । तर हसिना वाजेद भागेझैं नेपाली नेता भाग्ने दिन आयो भने प्रचण्डमात्रै चैनले खुमलटारमा सुत्न पाउने छैनन् । तसर्थ संसदमा बोल्ने क्रममा आफूले कति खतर नाक वाक्य बोलें भनी उनले आत्मसमीक्षा गर्नु आवश्यक छ ।

ओली, शेरबहादुर देउवा वा अरु नेताहरुबारे प्रशस्तै प्रश्न उठाउने ठाउँ छन् । अनि प्रचण्ड आफैं चाहिँ डेढ महिनाअघि संसदको सिट एरेन्जमेन्ट बदलिएका भरमा प्रश्नबाट बाहिर छन् त ? अहिले नेपालमा जुन बदलाव आइरहेको छ, यसको जस वा अपजस दुवै नेतृत्वले लिनुपर्छ । सत्तामा ओली वा देउवा आउँदैमा, वा तिनलाई प्रचण्डजस्तो अर्को व्यक्तिले प्रतिस्थापित गर्दैमा नेपाल राज्यका समस्या एक छडीको भरमा समाधान हुँदैनन् । नो नट् अगेन भन्दैमा, नेताविशेषलाई अक्षम करार गरेर लिंगद्वेषी सारी चुरा लगाइदिँदैमा वा सामाजिक भोक, तिर्खा र छटपटीलाई मिठा शब्दहरुको रेसिपीले पस्किँदैमा त्यसैको बलमा फेरि पुनरोदय हुन सकिन्छ भन्ने सोच घातक, गैर जिम्मेवार र समाज-विनाशक छ ।

कोही व्यक्ति रातारात सांसद मन्त्री भएका दृष्टान्त देखेर नेपाली समाजमा अर्को व्यक्ति महत्वाकांक्षी हुन नपाउने भन्ने हुँदैन । तर इतिहासमा नेता उदाएका अनेकथरि दृष्टान्त भएको यो समाजमा फेरि पनि सलाई कोर्न जोकोही तयार हुन सक्छन् । अहिले आगो बाल्ने होइन, पानी हाल्ने नेतृत्व चाहिएको छ । यत्रो वर्ष राज्य संस्थापनको नेतृत्व गरिसकेपछि पनि प्रचण्डलाई त्यसको मतलब भएजस्तो देखिँदैन । उनी बंगलादेश श्रीलंका भन्छन् । १० प्रदेश, १४ प्रदेश भन्दै संविधानसभा डुबाउँछन् । दोस्रो सभाकालमा अन्तत: सोह्रबुँदे समझदारी गर्छन् । उनी सीमांकन र नामांकन बेगर नै संविधान जारी गर्न सहमत हुन्छन् । फेरि आन्दोलन उठ्न थाल्छ । उनी कोशीदेखि सुदूर पश्चिमसम्मका अञ्चलकालीन झल्को आउने नामलाई अनुमोदन गर्न सहजै तयार हुन्छन् ।

जब सत्ताबाट बाहिर आउँछन्, तब उनी कोशी होइन, प्रदेश १ को बैठक राख्छन् । उनी प्रदेश सभामा कोशी नामका लागि दुई तिहाइ जुटाउन आफैं अग्रसर हुन्छन् । अब नाम बदल्नुपरे फेरि दुई तिहाइकै खोजी गर्ने संवैधानिक प्रबन्धको सर्वथा उपेक्षा गर्छन्, अनि यो किचलो उठाउँदा जातीय सामुदायिक आगो सल्किन सक्ने विन्दुतर्फ प्रवृत्त हुन्छन् । यही हो प्रचण्डको जिम्मेवारीबोध ? तीनपल्ट प्रधानमन्त्री भएर राज्यका सबलता र सीमा देखिसकेको व्यक्तिले यत्ति सस्तो लोकप्रियतावादी हुन सुहाउँछ ?

त्यसैले संसदमा मंगलबार सारा विषयमा बोल्दाबोल्दै प्रचण्डले जसरी बंगलादेश र श्रीलंकाको घातक दृष्टान्त दिए, त्यो पूरापूर अनुचित छ । त्यो उनी स्वयंबाट खण्डनलायक छ । प्रचण्डसँग त्यस्तो के नयाँ विधि वा समाधान छ, जसबाट आजसम्म नेपाली समाज वञ्चित थियो । अनि यी संकटमोचन गर्न उनी स्वयं अवतार बनेर फेरि आउनेवाला छन् ? कतिपल्ट आगो बालेपछि वा सडकमा उत्पात् मच्चाएपछि यो देश बस्नलायक हुन्छ ? कांग्रेस र एमालेभित्र अन्तरविरोध सिर्जना गर्न खोज्ने प्रचण्ड प्रयासको मूल्य भने सिंगो समाजले चुकाउन अब आवश्यक छैन । बंगलादेश र श्रीलंका देखाएर आफूलाई चोखो र जवाफदेहीविहीन बनाउने मंगलबारको प्रचण्ड-भाषण जसले लेखेको भए पनि त्यसको पूर्णपाठ तिखो छ ।

प्रश्नहरुमा रमाउने बानी परेको, उत्तर दायित्वको बारेमा किञ्चित चिन्ता नभएको वर्गलाई यसले तत्क्षणको आत्मरति पनि देला । तर प्रचण्डलाई सत्तामा रहँदा रचनात्मक बन्न सल्लाह दिन नसकेका सल्लाहकारहरुले प्रतिपक्षमै भए पनि उनलाई अब स्थिर बन्न सघाउनुपर्छ । यो एउटा राजनीतिकमात्रै होइन, मनोवैज्ञानिक प्रक्रिया पनि हो । यसका लागि प्रचण्डले १५ दिनजति बिदामा बसेर ठण्डा दिमागले सोच्न सक्छन्, या कतै यात्रामा जान सक्छन् । अनर्थको उथलपुथलकारी सोचले नेपाली समाजको मानसिकतामाथि शोषण त हुनजान्छ नै, आफ्नै सोच्ने क्षमताको पनि द्रुतगामी खतिमात्रै हुन्छ । यस्तो सोचेर बस्नुभन्दा बरु नातिहरुसँगै खेलेर बसेको बेस ।

*(साभार: अनलाइनखबर)*

# ओ शासक ! सुशासन र जनहितलाई केन्द्रमा राख

✍ सागर पण्डित

हाम्रा राजनीतिक नेतृत्वको भाषण र विभिन्न अभिव्यक्ति सुन्दा यस्तो लाग्छ- यो देश पहिला नै स्वीट्जरल्यान्ड भइसक्नुपर्ने थियो । प्रमुख राजनीतिक दल र तिनका नेताहरु झन्डै २०-२५ वर्षदेखि शक्ति र सत्तामा छन् । नेपालको राजनीति र शासन उनीहरुकै वरिपरि घुम्दै आइरहेको छ र उनीहरु लगातार शासकीय नेतृत्वमा छन् । तर पनि उनीहरु नै भाषणमा यसो भएन, उसो भएन, यसो गर्नुपर्छ, उसो गर्नुपर्छ भनिरहेका छन् । मुलुक स्वीट्जरल्यान्ड हुनु त परै जाओस्, उल्टो मुलुकलाई अधोगतितर्फ लगिरहेका छन् ।

शासकहरुले भ्रष्टाचार नियन्त्रण हुनुपर्छ, सुशासन कायम गर्नुपर्छ भनिरहेका छन् । सत्ता र शक्तिमा रहनेहरुले नै आदर्शको कुरा गर्ने, सुशासनको कुरा गर्ने तर व्यवहारमा उल्टो चरित्र देखाउने प्रवृत्तिले आमजनता निराश छन्, आक्रोशित छन् । मुलुक कुशासनले थिलोथिलो अवस्थामा छ र अधोगतितर्फ लागिरहेको छ । बडो दु:खका साथ भन्नुपर्छ, जनताको नाम भजाएर जनताकै लागि राजनीति गर्न भनी आएका शासकहरु जनताका मुख्य समस्या समाधान गर्ने विषयमा कहिल्यै संवेदनशील देखिन सकेनन् । निर्वाचनमा जनतासमक्ष ठूला-ठूला बाचा गरी सधैं जनतासँगै रहने कसम खाएर, जितेर आएकाहरु त्यसपछि जनताको घरदैलोमा जाँदैनन् । शक्ति र सत्तामा रहँदा जनताको अनुहार पूरै बिर्सने तर माफिया र बिचौलियासँग दोस्ती राख्ने प्रवृत्तिले पूरै शासकीय प्रणालीलाई नै बदनाम बनाइरहेको छ ।

जनता किन निराश छन्, असन्तुष्टि किन चुलिएको छ ? राजनीति किन बदनाम भइरहेको छ ? भन्ने बारेमा प्रमुख दलका प्रमुख नेताहरु एकठाउँमा बसेर व्यापक छलफल गर्ने गरेका छैनन् । छलफल हुन्छ त कहाँ-कहाँ आसेपासेलाई लैजाने ? कहाँ सेटिङ गर्ने र अकुत सम्पत्ति कमाउने भन्ने विषयमा नै हुन्छ । यस्ता प्रवृत्तिले गर्दा उनीहरु बिस्तारै पतनको बाटोमा गइरहेका छन् तर उनीहरुले यो विषयलाई गहनरुपमा लिएको देखिँदैन । जनताको पीर मर्कालाई नजिकबाट बुझ्ने चेष्टा गर्दैनन् । जनताको समस्या समाधानको लागि कुनै पहल नै गर्दैनन् । 'मै खाऊँ मै लाऊँ मै सुखसयल गरौं' भन्ने भावना हाम्रा शासकहरुमा अत्यधिक छ । मुलुकको विकास, समृद्धि र सुशासन उनीहरुको भाषणमा मात्रै हुन्छ तर व्यवहारमा भने ठीक उल्टो । उनीहरुको यही चरित्र नै मुलुकमा विकास र समृद्धि रोकिनुको मुख्य कारण हो भन्दा अत्युक्ति हुँदैन । विशेष गरी लोकतन्त्र र गणतन्त्र प्राप्तिपछि यहाँका तीन प्रमुख दलहरु कांग्रेस, एमाले र माओवादी केन्द्रका नेताहरु लगातार शासन सत्तामा छन् । तर जनताका मुख्य सरोकारको विषयको रुपमा रहेको स्वास्थ्य, शिक्षा र रोजगारीको विषयमा उनीहरुले कहिल्यै गेम चेन्जरसहितका नयाँ नीति, योजना र कार्यक्रम ल्याएर जनतालाई राहत दिने अभियान थाल्नै सकेनन् । नेपालमा यहाँका जनता ठगिनुपरेकै स्वास्थ्य र शिक्षासम्बन्धी समस्याले हो । स्वास्थ्य र शिक्षामा राज्यले गरेको लगानी बालुवामा पानीसरह भइरहेको छ । सरकारी स्वास्थ्य संस्थाले गुणस्तरीय स्वास्थ्य सेवा दिन सकेका छैनन् ।

स्वास्थ्य क्षेत्रमा रहेका कैयौं विकृतिलाई रोक्न सरकारी निकाय असफल छ । शिक्षा क्षेत्रमा त्यस्तै विकृति छ । सरकारी विद्यालयहरुको अवस्था अत्यन्तै दयनीय छ । अहिले त मुलुकमा केन्द्रीय, प्रदेश र स्थानीय गरी तीनवटा सरकार छन् । तीनवटा सरकार रहँदा पनि मुलुकको स्वास्थ्य र शिक्षामा सुधारको लागि तीनवटै सरकारमा रहेका शासकहरु अत्यन्तै गैरजिम्मेवार देखिँदै आएका छन् । तीनवटै सरकारमा रहेकाहरु सुशासन कायम गर्न, विकास-समृद्धि कायम गर्नभन्दा पनि कहाँ कसरी भ्रष्टाचार गर्न सकिन्छ र अकुत सम्पत्ति आर्जन गर्न सकिन्छ भन्नेमा नै बढी व्यस्त भइरहेको देखिन्छ । नयाँ संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई अंगीकार गरेपनि सो शासन व्यवस्थाको वास्तविक मर्मअनुसार काम हुन सकेको छैन । यसै गरी संविधानको प्रस्तावनामा लोकतान्त्रिक मूल्य-मान्यतामा आधारित समाजावदप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने उल्लेख गरिएको छ । तर समाजवादका आधारस्तभका बारेमा शासकहरु पूर्णरुपमा बेखबरजस्तै छन् ।

संविधान जारी भएपछि सत्तामा रहँदै आएका प्रमुख दल र तिनका नेताहरुले संविधानलाई कागजको खोस्टो बनाइदिएका छन् । संविधानमा आफ्नो स्वार्थ पूरा गर्ने गरी शासकीय स्वरुप बनाएका उनीहरुले शासन सत्तामा रहेर 'लुटतन्त्र' मच्चाउँदै आएका छन् तर जनतालाई सेवा-सुविधा दिने विषयलाई भने पूरै बेवास्ता गर्दै आइरहेको पाइएको छ । आफ्नो स्वार्थअनुसारका कामहरु गर्नुपऱ्यो भने रातदिन बैठक बस्छन् । आफ्नो स्वार्थ पूरा गर्ने विषयमा यिनीहरुलाई कुनै भोक-तिर्खा हुँदैन । मिनेट-मिनेटमा बैठक बस्ने गर्छन् । तर जनता महँगीले आक्रान्त बनेको विषय, बिहान र बेलुकी के खाऊँ भन्ने समस्याले सताइएको विषय, बिरामी हुँदा सिटामोल र जीवनजलसमेत नपाएर अकाल मृत्युवरण गर्नुपरेको विषय, बाढी-पहिरोले नागरिकले जीवन गुमाउनुपरेको विषय, विभिन्न खाले दुर्घटनाले जनता अकाल मृत्युवरण गर्नुपरेका विषयहरु शासकहरुको दिमागमा कहिल्यै पनि घुस्दैनन् । यो अत्यन्तै विडम्बनापूर्ण कार्य हो । जनता चिच्याइरहेका छन्, रोदन र वेदनाले छट्पटाइ रहेका छन् तर हाम्रा शासक-प्रशासकहरु सिंहदरबार र बालुवाटारमा बसेर निरोले जसरी नै मस्ती तालमा बाँसुरी बजाइरहेका छन् । यो अहिलेदेखिको रोग होइन, पुरानै रोग हो । जुन क्रोनिक हुँदै क्यान्सर हुने अवस्थामा पुगिसकेको छ ।

संघ, प्रदेश र स्थानीय गरी तीनवटा सरकारमा प्रमुख दलकै नेताहरुले शासकको रुपमा हालिमुहाली मच्चाउँदै आइरहेका छन् तर आमजनता भने गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, रोजगारीलगायतका समस्याले आक्रान्त हुँदै आइरहेका छन् । जनताका तमाम समस्याका बारेमा ती दल र दलद्वारा शासन सत्तामा लुट मच्चाउन बनाइएका गठबन्धनको बैठकमा कहिल्यै पनि यस्ता संवदेनशील विषय छलफल नै हुँदैनन् । ऋति भएपछि खती हुन्छ भन्ने उखान यी नेता शासकहरुले बिर्सिएका छन् । सम्भवत: अहिले यिनीहरुले जे-जस्तो हर्कत मच्चाइरहेका छन्, त्यसको परिणाम भनेको अन्तत: पतन नै हो । जनताका समस्यालाई आत्मसात् गर्न नसक्ने ठालु शासकहरुलाई जनताले नै घोक्रेठ्याक लगाइदिएका उदाहरणहरु धेरै छन् । हामीकहाँ वर्षौंदेखि ठालु शासकहरुले लुटतन्त्र मच्चाउँदै आइरहेका छन्, जसले गर्दा उनीहरु आमजनताबाट आलोचित र निन्दित छन् ।

यिनै नेता र शासकहरुले बनाएको नेपालको संविधान २०७२ को भाग ३ का विभिन्न धाराहरुमा मौलिक हक र राज्यको कर्तव्यसम्बन्धी व्यवस्था गरिएको छ । यसै गरी संविधानको भाग ४ का विभिन्न धाराहरुमा राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्वसम्बन्धी व्यवस्था गरिएको छ । तर शासकहरुले संविधानको सो भाग र धाराहरु राम्ररी पढ्न छोडिसकेका छन् । शायद ती भाग र धारामा के लेखिएको छ भन्ने कुराको समेत उनीहरुलाई कुनै हेक्का छैन । अकुत सम्पत्ति आर्जनले उनीहरुको मानवीय संवेदना हराएको छ । मौलिक हक र राज्यको कर्तव्यसम्बन्धी व्यवस्था लागू गरिएको भए नेपालमा विकासको गति धेरै अगाडि बढिसकेको हुन्थ्यो । नागरिकहरु धेरै मात्रामा खुशी भइसक्ने थिए तर त्यस्तो हुन नसक्दा आमनागरिक दु:खी र सरकार तथा शासकसँग आक्रोशित छन् ।

मौलिक हकमा जनताको स्वास्थ्य, शिक्षा, समानता, रोजगारीको हक, श्रमसम्बन्धी हक, खाद्यसम्बन्धी हक, आवासको हक, सामाजिक न्यायको हक, उपभोक्तासम्बन्धी हकलगायतका नागरिकका महत्वपूर्ण हकको व्यवस्था गरिएको छ । यिनै शासकहरुले बनाएको संविधाको धारा ३५ मा रहेको स्वास्थ्यसम्बन्धी हकमा 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन' भन्ने प्रावधान समेटिएको छ । तर नागरिकहरु सुलभ र भरपर्दो स्वास्थ्य सेवाबाट पूर्णरुपमा वञ्चित हुँदै आइरहेका छन् । दूरदराजका गाउँलेहरु सिटामोलसमेत पाउन नसकी विभिन्न रोगसँग संघर्ष गर्न बाध्य भइरहेका छन् र उपचारको अभावमा अकाल मृत्युवरण गर्नसमेत बाध्य छन् । त्यसैले कृपया शासकहरुले अब यी विषयलाई गम्भीरतापूर्वक मनन गर्नै पर्छ ।

नागरिकलाई दिने मौलिक हकअन्तर्गत संविधानको धारा ३३ मा उल्लिखित रोजगारीको हकमा प्रत्येक नागरिकलाई रोजगारीको हक हुने व्यवस्था गरिएको छ । बेरोजगारलाई राहतको समेत व्यवस्था गर्ने उल्लेख छ । तर व्यवहारमा यिनै शासकहरुले बेरोजगारीको कहाली लाग्दो अवस्था बनाएका छन् भने बेरोजगारीका लागि राहतको कुनै व्यवस्था गर्न सकेका छैनन् । मुलुकमा बेरोजगारीको समस्या यति धेरै विकराल छ कि बर्सेनि ८ देखि १० लाख नागरिक रोजगारी खोज्दै विदेश धाउनुपर्ने दु:खद अवस्था छ । यस्तै संविधानको धारा ३४ मा प्रत्येक नागरिकलाई उचित श्रम अभ्यासको हक हुने व्यवस्था गरिएको छ । व्यवहारमा भने यो शून्यजस्तै छ । यस्तै संविधानको धारा ३१ मा शिक्षासम्बन्धी हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हकको व्यवस्था गरिने उल्लेख छ । तर सर्वसाधारण नागरिकका लागि गुणस्तरीय शिक्षा 'आकाशको फल आँखा तरी मर' जस्तै हुने गरेको छ । यस्तै मौलिक हकअन्तर्गत धारा ४२ मा सामाजिक न्यायको हक, धारा ४३ मा सामाजिक सुरक्षाको हक, धारा ४४ मा उपभोक्ताको हकसम्बन्धी व्यवस्था गरिएको छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# नेपाली कांग्रेसको तीज शुभकामना

साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/नेपाली महिलाको महत्वपूर्ण पर्व हरितालिका तीजको अवसरमा नेपाली कांग्रेस मकवानपुरले सांस्कृतिक कार्यक्रमका साथ शुभकामना आदानप्रदान गरेको छ ।




पार्टीले बुधबार हेटौंडाको पार्टी प्यालेसमा सयौं महिला कार्यकर्ताको उपस्थितिमा भव्य सांस्कृतिक कार्यक्रमका साथ तीजपर्वको शुभकामना आदान प्रदान गरेको हो । कार्यक्रमका प्रमुखअतिथि नेपाली कांग्रेस बागमती प्रदेशसभापति ईन्द्रबहादुर बानियाँले तीजको शुभकामना व्यक्त गर्दै महिलाको अधिकार सशक्त गर्ने कार्यमा पार्टी लागिपरेको बताए । महिलाले नेतृत्व र व्यक्तित्व विकास गर्दै स्वस्थ्य प्रतिष्पर्धामार्फत नेतृत्वका लागि अग्रसर हुन सभापति बानियाँले आग्रह गरे ।

नेपाली कांग्रेसले बोक्ने लोकतान्त्रिक विचारमा सबै अटाउने भन्दै नेता बानियाँले समाजका आधा हिस्सा ओगटेका महिलालाई अधिकार र अवसर प्रदान गर्न पार्टी सधैं तत्पर रहेको बताए । अबको संविधान संशोधनमा विभिन्न तहमा प्रमुख या उपप्रमुखमध्ये एउटा अनिवार्य महिला हुने व्यवस्थालाई थप कडाईका साथ उल्लेख गर्न पार्टीले पहल गर्ने सभापति बानियाँले प्रतिवद्धता जनाए । 'राजनीतिक दलबीच गठबन्धन हुँदा विभिन्न तहमा महिला नेतृत्वबाट बन्चित हुने अवस्था देखियो, यो अन्त्य गर्न अबको संविधान संशोधनमार्फ राष्ट्रपति उपराष्ट्रपतिदेखि पालिका प्रमुख उपप्रमुखसम्म एक जना अनिवार्य महिला हुने व्यवस्था गर्न पहल गर्ने प्रतिवद्धता गर्छु'-बानियाँले भने ।

हरेक चाडपर्व धर्म संस्कृतिको सम्मान र प्रवर्द्धन गर्न नेपाली कांग्रेस प्रतिवद्ध रहेको उनको भनाइ थियो । नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली कांग्रेस प्रदेशसभापति बानियाँको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रमकाबीचमा विभिन्न तीज गीतमा नृत्य प्रस्तुती, गायनका साथै तामाङ सेलोसमेत गाएर मनोरञ्जन गरिएको थियो ।

कार्यक्रममा पार्टी बागमती प्रदेश सदस्य जानकी लामा, पार्टी महासमिति सदस्य उर्मिला पुलामी, लक्ष्मी थिङ, पार्टी बागमती प्रदेश महिला विभाग सदस्य कमला मैनाली, हेटौंडा उपमहानगर उपसभापति डोल्मा स्याङ्बो, बकैया गाउँपालिका-१० की निर्वाचित वडाध्यक्ष कमला वाइबा, ५ नम्बर वडाध्यक्ष लक्ष्मी जिम्बा, नेतृ गीता न्यौपानेलगायतले हिन्दु महिलाको महान पर्व हरि तालिका तीज आफ्नो क्षमता र हैसियतअनुसार सन्तुष्ट भएर मनाउन शुभकामना दिएका थिए ।

# शनिबार 'साइकलजात्रा' गर्दै हेटौंडा जेसीज र साइकल संघ

साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/हेटौंडा जेसीजको आयोजना मकवानपुर साइक्लिङ संघको सहकार्यमा भदौ १५ गते शनिबार हेटौंडामा 'साइकलजात्रा २०८१' हुने भएको छ ।

मकवानपुरमा क्रियाशील साइकल संस्था हिमालयन राइडर्स, हेटौंडा राइडर्सलगायत संस्थाका करिब २५० जना साइकलयात्रीको सहभागितामा साइकलजात्रा आयोजना गर्न लागिएको हेटौंडा जेसीज वर्ष २०२४ का अध्यक्ष विकेशलाल श्रेष्ठले जानकारी दिए । हेटौंडा-४ हुप्रचौरबाट सुरु हुने साइकलजात्राका सहभागीले हेटौंडाको विभिन्न ठाउँको कूल ३८ किलोमिटर साइकलयात्रा गर्नेछन् ।

'शनिबार विहान ६ बजे हुप्रचौरमा जम्मा भई यात्रा सुरु गरिने र सहभागीमध्ये तोकिएको दूरी पार गर्नेलाई प्रमाणपत्र पनि प्रदान गरिने बताइएको छ । यो कार्यक्रममा मकवानपुर बाहिरका पनि सहभागी हुनेछन् । कार्यक्रमको लागि करिब ३ लाख रुपैयाँ खर्च हुने अनुमान रहेको कार्यक्रम संयोजक कुसल रिजालले बताए ।

साइकलजात्राका सहभागीले कपुर कम्प्लेक्स हुँदै, चौकीटोल, सानोपोखराचोक, चुच्चेखोला, हटिया, कमाने, हनुमान गेट, सिमेन्टरोड, पदमपोखरीको पानतले, कुस्माण्ड सरोबर र सिमेन्टरोड हुँदै हेटौंडा जेसीजको सचिवालयमा आएर यात्रा समापन गर्नेछन् । सन् २०१७ बाट सुरु भएको साइकलजात्रा २०१८ मा भएको थियो । बीचमा निरन्तरता पाउन नसकेको यो कार्यक्रम अहिले पुन: २०२४ मा हुन लागेको हो ।

जात्रामा सहभागी हुन चाहने साइकलयात्रीले २०० रुपैयाँ दर्ता शुल्क बुझाएर हेटौंडा-१० र हेटौंडा-४ मा रहेको राज साइकल स्टोर्समा भदौ १४ गते सुक्रबार साँझ ५ बजेसम्म नाम दर्ता गराउन सक्ने जनाइएको छ । आयोजकले साइकल यात्रीलाई विहानको खाजा तथा खाना र टिसर्ट उपलब्ध गराउने जनाइएको छ । साइकलको प्रयोग वातावरणमैत्री एवम् स्वास्थ्यका लागि राम्रो हुने भन्दै यस प्रकारको कार्यक्रम आयोजना गर्दा आपसी सद्भाव र बन्धुत्वको भावना बढ्ने आयोजकको बुझाई छ ।

# बिशेष नगरसभाको ध्यानाकर्षण गराउँदै मउवा संघ

साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/हेटौंडा उपमहानगरले आर्थिक वर्ष २०८१/८२ को लागि बृद्धि गरेको सबैखाले कर साबिक दर कायम गर्न नगरकार्यपालिकालाई मकवानपुर उद्योग वाणिज्य संघले ध्यानाकर्षण गराएको छ ।

विद्यमान आर्थिक मन्दीको समयमा उद्योगी/व्यवसायीको लागि करबृद्धि पीडादायक हुने अवस्था रहेको भन्दै तत्काल बृद्धि गरिएको करको दरलाई साबिककै अवस्थामा ल्याउन संघले आग्रह गरेको हो । संघको नेतृत्वमा २०८१ साउन १८ गतेबाट ३२ गतेसम्म विभिन्न चरणमा भएको आन्दोलनका कार्यक्रमपश्चात साउन ३२ गते संघ र उपमहानगरबीच भएको ८ बुँदे समझदारी कार्यान्वयन गर्न पुन ध्यानाकर्षण गराएको हो ।

संघका अध्यक्ष कृष्ण कुमार गुप्ताले बुधबार उपमहानगर लाई पत्राचार गरी बृद्धि गरिएको कर सतप्रतिशत फिर्ता गरी पूरानै दर कायम गर्ने संघको माग सम्बोधन गर्न नगरसभा शीघ्र बोलाउन माग गरेको हो ।

'नगर कार्यालयबाट वडा कार्यालयमा गरिएको परिपत्रमा संघको माग सम्बोधन गर्न बहुमत कार्यपालिका सदस्यले विशेष नगरसभाको माग गरेको कारण विशेष नगरसभा हुने अवस्था देखिएको व्यहोरा समावेश गरिएअनुरुप यथासक्य चाँडो विशेष नगरसभाको आव्हान हुनेमा थप आश्वस्त रहेका थियौं' पत्रमा भनिएको छ ।

'तर, आजका मितिसम्म नगरसभा आयोजना गर्ने कुनै औपचारिक पहल नगरेको देखिएकोले सम्झौताको इमानदारीपूर्वक पालनाको अभाव देखियो' अध्यक्ष गुप्ताले भनेका छन् । 'उद्योगी/व्यवसायीबाट बढेको कर निरन्तर असुल्दै जाने र समझदारी गरेर आन्दोलनलाई स्थगित गराइ कमजोर बनाउने मक्सद त हैन ? भन्ने संशय पैदा गरेको छ' पत्रमा उल्लेख गरिएको छ ।

हामीबीच भएका सहमति यथासक्य चाँडो कार्यान्वयन नहुने अवस्था भएमा फेरि उद्योगी/व्यवसायी आन्दोलनमा जानुको बिकल्प नभएको भन्दै उपमहानगरको ध्यानाकर्षण गराइएको छ ।

# पूर्ववर्तीको निर्णय उल्ट्याएर गए शर्मा, सिग्देललाई चुनौती



काठमाडौं/नेपाली सेनाको ४५ औं प्रधान सेनापतिमा अशोकराज सिग्देल नियुक्त भएका छन् । मन्त्रिपरिषद् बैठकले गरेको सिफारिसका आधारमा राष्ट्रपति रामचन्द्र पौडेलले २४ भदौदेखि लागू हुने गरी सिग्देललाई प्रधानसेनापति नियुक्त गरेका हुन् । भारतीय सेनाका अधिकारीसँगको विवादित घटना, फरकफरक जन्ममिति लगायतका प्रकरणमा मुछिँदा उपरथी ताराध्वज पाण्डेले राजीनामा दिएपछि सिग्देल प्रधानसेनापति हुने बाटो खुलेको थियो ।

उनको जन्ममितिबारे समेत विवाद सतहमा आएपनि अदालतले सिग्देलविरुद्ध परेको रिट खारेज गरिदियो, जंगी अड्डाको छानबिनबाट पनि उनले 'क्लीन चिट' पाए । अब प्रधान सेनापति बन्न लागेका सिग्देल ३७ वर्षअघि सैनिक सेवामा प्रवेश गरेका थिए । स्थायी घर भैरहवा भएका उनले रणनीतिक अध्ययनमा त्रिभुवन विश्वविद्यालय र चीनको राष्ट्रिय डिफेन्स युनिभर्सिटीबाट स्नातकोत्तर अध्ययन गरेका छन् । आर्मी कमाण्ड एण्ड स्टाफ कलेजका समेत विद्यार्थी उनले जंगी अड्डाको युद्धकार्य विभाग र व्यवस्था, नीति तथा योजना महानिर्देशनालयको नेतृत्व गरिसकेका छन् ।

प्रधानसेनापतिको सैनिक सचिवसमेत रहिसकेका सिग्देलले कोभिड १९ संकट व्यवस्थापन केन्द्रको नेतृत्व तहमा बसेर समेत काम गरेका थिए । संयुक्त राष्ट्र संघको शान्ति मिसनका क्रममा उनले युगोस्लाभिया, ताजिकिस्तान र लाइबेरियामा काम गरेका छन् ।

तत्कालीन प्रधानसेनापति पूर्णचन्द्र थापाले सेनालाई समय सापेक्ष पुनर्संरचना गर्ने भन्दै पृतनाहरु खारेज गरेर ३ जोड १ कमाण्ड संरचना लागू गराउने गृहकार्य गर्दा प्रभुराम शर्मा जंगीअड्डामा बलाधिकृत रथी थिए । आफ्नो महत्वकांक्षी योजनाको दीर्घकालीन कार्यान्वयन आफ्ना उत्तराधिकारीहरुको साथ विना सम्भव नहुने ठानेका थापाले संरचना बदल्ने योजनाको खाका तयार गर्ने क्रममा पनि शर्मालाई साथमै राखेका थिए ।

रथी बन्नुअघि युद्धकार्य महानिर्देशनालयको जिम्मेवारी उनलाई दिइएको थियो । र, त्यही बेला युद्धकार्य महानिर्देशनालयलाई तत्कालीन सेना प्रमुख थापाले संरचना परिवर्तन गर्ने खाका बनाउने जिम्मा दिएका थिए । त्यसबेला महानिर्देशनालयको खाका अनुरुप थापाले सेनालाई नदी तटीय क्षेत्रको आधारमा पूर्वी, मध्य, पश्चिम र उपत्यका गरेर चार संरचनामा लगेका थिए ।

तर, यिनै प्रभुराम शर्माले सैनिक नेतृत्व सम्हालेको ठ्याक्कै एक वर्षमा सेनालाई फेरि पुरानै संरचनामा फर्काए । नयाँ संरचनामा जाँदा कतिपय व्यवहारिक विषयहरु नमिलेको भन्दै उनले कार्यकाल सम्हालेको पहिलो वर्षमै कमाण्ड संरचनालाई हटाएर ८ पृतनाको पुरानै संरचनामा लैजाने निर्णय गरेका थिए । आफू नेतृत्व तहमै भएका बेला गरिएको निर्णयप्रति शर्माले अपनत्व लिन नसकेको भन्दै कतिपय सैनिक अधिकारीहरुले उनको आलोचना समेत गरे । 'नयाँ संरचना ठीक थिएन भने त्यो निर्णय कार्यान्वयन हुन लागेकै बेला किन भन्नुभएन ?', एक पूर्वउपरथी प्रश्न गर्छन्, 'कार्यान्वयनमा गइसकेपछि कतिपय अमिल्दा विषय मिलाउनुपर्ने थियो होला, तर उहाँले नेतृत्व सम्हालने वित्तिकै सुरुमै त्यही चलाइदिनुभयो ।'

शर्माले सैनिक नेतृत्व सम्हाल्दा एउटा क्रमभंगता भएको थियो, उनी ब्राह्मण समुदायबाट प्रधान सेनापति नियुक्त हुने पहिलो अधिकारी बनेका थिए । पुरानो गोरखा पल्टनका शर्मा सेना प्रमुख बन्नुअघि 'सिपाही'को चरित्र भएको अधिकृतका रुपमा चिनिन्थे । त्यसैले सेनामा सिपाहीका पक्षमा नयाँ योजनाहरु अघि ल्याउने अपेक्षा गरिएको थियो ।

तर, सैनिक अधिकृतहरुका अनुसार, ४४औं प्रधानसेनापति शर्मा आफ्नो कार्यकालभरि गुमनामभैं रहे । उनले न कुनै नयाँ काम अघि सारे, बरु पुराना निर्णय उल्ट्याउने र विगतका सेना प्रमुखसँग निकट मानिएकाहरु माथि प्रतिशोध साधन अग्रसर देखिए । जंगीअड्डा स्रोतका अनुसार, प्रधानसेनापतिको अन्तिम समयतिर पूर्णचन्द्र थापा र प्रभुराम शर्माको सम्बन्ध सुमधुर भएन । त्यसबेला थापाले निकट अधिकृतहरु प्रयोग गरेर आफूविरुद्ध जासुसी गरेको शर्माले निकटस्थहरुलाई बताउने गरेका थिए ।

जानकारहरुका अनुसार, तत्कालीन सेना प्रमुख पूर्णचन्द्र थापाले त्यसबेला सरकारसँग नजिक भएर आफू राष्ट्रिय सुरक्षा सल्लाहकार (एनएसए) बन्न खोजेका थिए । उनले सबै सुरक्षा निकायबीच 'इन्टिग्रिटेड कमाण्ड' हुनुपर्ने लबिइङ गर्दै प्रहरी, सशस्त्र र राष्ट्रिय अनुसन्धान विभागसँग पनि सुमधुर सम्बन्ध बनाएका थिए । त्यसको बलमा थापाले एनएसए बन्न खोजेको सैनिक उच्च अधिकृतहरु नै बताउँछन् । शर्मानिकट कतिपय अधिकृतहरु थापाले अवकाश पाउने अन्तिम समयसम्म त्यसका लागि चलखेल गरेको दाबी गर्छन् ।

जानकारहरुका अनुसार, पहिल्यै व्यापार-व्यवसायमा जमिरहेको सेनालाई थप स्पेश दिनु नहुने निष्कर्षमा राजनीतिक नेतृत्व पुग्यो र त्यो निर्णय हुन पाएन । यद्यपि, पूर्वघोषणा गरेपनि अन्तिम समयसम्म थापाले आफूविरुद्ध चलखेल गरिरहेको शर्मालाई पर्न गएको एक सैन्य अधिकारी बताउँछन् ।

परिणाम, थापानिकट उपरथी प्रेम शाहीले जंगीअड्डाभित्रै दुई महिना थुनिनु पर्‍यो । थापा सेना प्रमुख हुँदा जंगीअड्डाभित्र एउटा शक्ति केन्द्र मानिएका शाहीलाई थुन्न शर्माले अदालतको आदेश समेत अवज्ञा गरेका थिए । सेनाले शाहीलाई ४ पुस २०७९ मा ५८ वर्षे उमेर हदका कारण २० पुस २०७९ देखि अवकाश हुने भन्दै पत्र थमाएको थियो । तर, उनले आफ्नो जन्ममिति गलत भएको भन्दै सर्वोच्च अदालतमा रिट निवेदन दिएका थिए । उनले सेनामा प्रवेश गर्नुअघि जारी भएको प्रमाण पत्रमा आफ्नो जन्ममिति २०२३ रहेको उल्लेख गर्दै अदालतमा निवेदन दिएका थिए । सेनाले शैक्षिक प्रमाण पत्रमा भएको मिति अनुसार अवकाश पत्र थमाएको थियो । आफूले एसएलसी परीक्षा दिएको बूढानीलकण्ठ स्कुलले समेत उमेर सच्चाउँदै पत्र पठाइसकेको भन्दै अदालतमा निवेदन दिएका थिए ।

सेनाको आन्तरिक समितिले पनि उनको जन्ममितिमा त्रुटि भएको भन्दै नागरिकता अनुसारको जन्ममिति कायम गर्न सिफारिस गरेको थियो । १३ पुस २०७९ मा न्यायाधीश हरिप्रसाद फुयाँलको इजलासले उनलाई अवकाश दिने निर्णय तत्काल कार्यान्वयन नगर्न भन्दै अन्तरिम आदेश दिएको थियो । आदेशपछि हाजिर हुन जाने क्रममा प्रधान सेनापतिको निर्देशन बमोजिम सैनिक प्रहरीको टोलीले शाहीलाई नियन्त्रणमा लिएको थियो । आर्थिक अनुशासन उल्लंघनको आरोप लगाउँदै शाहीको घरमासमेत छापा हानिएको थियो ।

'पहिले अरु केही समस्या छैन भनेर अवकाश दिने, अदालतले रोक लगाएपछि भ्रष्टचार गरिस् भन्दै थुन्नुले त्यो प्रतिशोधबाहेक केही थिएन भन्ने स्पष्ट हुन्छ', एक उपरथी भन्छन्, 'अनौपचारिक कुराकानीमा चिफ सा'बले सेना भएर अदालतको आदेश भन्दै आउने भनेर गाली गरेको समेत सुनेका थियौं ।' अवकाश पाउनुअघि जंगीअड्डामा सम्बोधन गर्दै शर्मा स्वयंले ती उपरथीको भनाइलाई बल पुग्ने अभिव्यक्ति दिए ।

'व्यक्तिगत रुपमा म कोही पनि व्यक्तिलाई खोजी, खोजी हानी हुने कार्य गर्ने स्वभाव भएको व्यक्ति होइन', उनले भनेका छन्, 'तर, कहिलेकाहीँ परिवेश यसरी विकसित हुँदो रहेछ कि तपाईं केही कठोर नबनिरहन नमिल्दो रहेछ, त्यो मेरो हकमा पनि उत्तिकै लागू भयो होला ।' सेना प्रमुख भइसकेपछि उनले कसरी पुराना निर्णयहरु उल्ट्याउन थाले भन्ने अर्को उदाहरण अनन्त कार्कीको पदावधि थपबारे दुईथरि निर्णय पनि हो । थापा प्रधानसेनापति हुँदा शर्माकै अध्यक्षतामा रहेको समितिले उनको पदावधि थप्न सिफारिस गरेको थियो ।

तर, शर्माले प्रधानसेनापति भएलगत्तै सिफारिस उल्ट्याए र कार्कीलाई अवकाश पत्र थमाए । 'कार्कीसहित सीताराम खड्का र ताराध्वज पाण्डेको पदावधि थप गर्न सिफारिस गर्ने निर्णय जंगीअड्डाले गरेपनि रक्षा मन्त्रालयमा पुगिसकेको थिएन', यसबारे जानकार एक सैन्य अधिकारी भन्छन्, 'सेना प्रमुख बन्ने वित्तिकै उनले खड्का र पाण्डेको प्रस्ताव मात्रै अघि बढाए ।' अघिल्ला प्रधानसेनापति थापाले सुरु गरेको उच्च सैनिक अधिकृतहरुको सम्पत्ति विवरण सार्वजनिक गर्ने चलन पनि शर्माले हटाए ।

**ती प्रभुराम, यी अशोकराज**

जसरी प्रभुराम शर्मा प्रधानसेनापति बन्ने अन्तिम समयसम्म त्रासमा थिए, त्यो वातावरण उनका उत्तराधिकारीले पनि भोग्नुपर्‍यो । भलै शर्माको पालामा उनलाई पूर्णचन्द्र थापाले सार्वजनिक रुपमै आफ्नो उत्तराधिकारी घोषणा गरि सकेका थिए । शर्माले भने लामो समयसम्म मुख खोलेनन् । ताराध्वज पाण्डे र अशोकराज सिग्देल दुवैलाई आश्वासन देखाइरहे । अन्तिममा शर्माले भारतीय सैन्य अधिकृतसँग सार्वजनिक स्थानमा गरिएको व्यवहार, जन्ममिति विवाद लगायतका विषयमा 'कोर्ट मार्सल' हुनुपर्ने आवाज उठिरहेका ताराध्वज पाण्डेलाई भावी प्रधान सेनापतिका रुपमा अघि सारे ।

तर, पाण्डेको जन्ममितिका विवरण र उनको विवादित पृष्ठभूमि सार्वजनिक हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत उजुरी पर्‍यो । त्यसबेलासम्म पनि जंगीअड्डाले पाण्डेको बचाउमा विज्ञप्ति जारी गर्दै कुनै विवाद नरहेको जिकिर गर्‍यो । रक्षा मन्त्रालयले भने छानबिन अघि बढाउन जंगीअड्डालाई निर्देशन दियो ।

जंगीअड्डाले 'कोर्ट अफ इन्क्वायरी' गठन गर्‍यो, कैफियत देखिएपछि शर्माले पाण्डेलाई राजीनामा दिन संकेत गरे । 'नदिए कीर्तेसहितका कसुरमा कारबाही हुने भनेपछि उनले राजीनामा दिएका थिए', रक्षा मन्त्रालय स्रोत भन्छ । उपरथी अशोकराज सिग्देलको बाटो खुल्यो । रथी बढुवामा सिफारिस भएपछि उनी प्रधानसेनापतिको रोलक्रममा उक्लिए । यद्यपि, उनका सन्दर्भमा पनि केही विवादहरु सतहमा आए । पछि अदालतमा परेको रिट दरपीठ भयो, आन्तरिक छानबिनबाट पनि कैफियत नदेखिएपछि सिग्देल कायममुकायम प्रधानसेनापति नियुक्त भए ।

बुधबार राष्ट्रपति कार्यालयले विज्ञप्ति जारी गर्दै २४ भदौदेखि लागू हुने गरी सिग्देललाई प्रधानसेनापति नियुक्त गरिएको जानकारी दिएको छ । '४५औं सेना प्रमुख नियुक्तिमा जुन किसिमको अस्वभाविक विवाद र चलखेल भयो, त्यसको जड खासमा प्रधानसेनापति शर्मा नै थिए', एक उच्च सैनिक अधिकृत भन्छन्, 'उनले अन्तिमसम्म आफ्नो उत्तराधिकारी स्पष्ट गरेनन्, दुवैलाई आश देखाइरहे, पहिल्यै छानबिन हुनुपर्ने कतिपय विषयमा पनि क्लीन चिट दिए ।'

जानकारहरुका अनुसार, सिग्देललाई अघि बढाइसकेपछि शर्मा उनलाई प्रधान सेनापति बनाउने पक्षमा थिएनन् । विवादहरु आइरहेकाले उनले अन्य अधिकृतहरुतिर पनि नजर लगाएका थिए । राजनीतिक र व्यवसायिक पृष्ठभूमिका व्यक्तिहरुले पनि चलखेल गरेको जंगीअड्डा स्रोतको दाबी छ । जंगीअड्डाका एक उच्च अधिकृत भन्छन्, 'यसपटक सेनामा झण्डै-झण्डै अन्य सुरक्षा निकायमा झैं नेतृत्व चयनमा हस्तक्षेपको सुरुवात हुन लागेको थियो, तर अन्तिममा जोगियो ।'

**सेनालाई पद्धतिमा चलाउने चुनौती**

सैनिक उच्च अधिकृतहरुका अनुसार, नेपाली सेनालाई पछिल्ला प्रधासेनापतिहरुले पद्धतिमा चल्न दिएनन् । एक अधिकृतका अनुसार, कोहीले संगठनभन्दा व्यक्ति राम्रो देखिने गरी सेना चलाए, कोहीले प्रतिशोधमै कार्यकाल बिताए । यस्तोमा नवनियुक्त प्रधानसेनापति सिग्देलको मुख्य चुनौती सेनाको गैर राजनीतिक चरित्रलाई कायम राख्दै फौजलाई पद्धतिमा चल्न दिनु हुने ती अधिकृत बताउँछन् । काठमाडौं तराई-मधेश द्रुतमार्ग निर्माण सेनाले लिएको महत्वकांक्षी परियोजना हो । प्रभुराम शर्माले एकपटक संसदीय समितिमा पुगेर पूर्ण निर्माण सम्पन्न नभएपनि गाडी निजगढदेखि काठमाडौंसम्म ल्याउन पाए सफल भएको ठान्थें भनेका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# नेपाललाई स्तब्ध पार्दै बंगलादेश बन्यो च्याम्पियन

काठमाडौं/दुई पटकको च्याम्पियन नेपाललाई स्तब्ध पार्दै बंगलादेशले साफ यू-२० च्याम्पियनसिपको उपाधि जितेको छ । पहिलो पटक उपाधि जित्ने क्रममा बंगलादेशले घरेलु टोली नेपाललाई ४-१ गोल अन्तरले हरायो । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको खेलमा बंगलादेशले पहिलो हाफको इन्जुरी टाइममा अग्रता लिएको थियो । डि बक्स बाहिर पाएको फ्रिकिकमा मिराजुलले सोझै गोल गरे ।




दोस्रो हाफमा नेपालले आक्रामक खेल खेलेको थियो । तर गोल भने बंगलादेशले गर्‍यो । ५५ औं मिनेटमा मिराजुलले दोस्रो गोल गरेका हुन् । खेलको ७१ औं मिनेटमा रवि हुसेनले गोल गरे । डिबक्स एसियाबाट मिराजुलले दिएको पासमा उनले सहजै गोल गरेका हुन् ।

नेपालका लागि सान्त्वना गोल समिर तामाङले गरे । उनले ८१ औं मिनेटमा गोल गरे । खेलमा फर्किने प्रयासमा रहेको नेपालले १० मिनेट इन्जुरी टाइममा गोलका केही प्रयास पनि गरेको थियो । तर ९६ औं मिनेटमा बंगलादेशले नै गोल गर्दै जित सुनिश्चित गर्‍यो ।

नेपालले यसअघि दुई पटक उपाधि जितेको थियो र तेस्रो पटक च्याम्पियन बन्दै उपाधिमा ह्याट्रिक गर्ने लक्ष्य राखेको थियो । तर सफल हुन सकेन । खेलको पहिलो हाफमा नेपालले गोल गर्ने केही अवसर बनाए पनि सदुपयोग गर्न सकेन ।

नवौं मिनेट निराजन धामीको लामो प्रहार बंगलादेशका मोहम्मद आसिफले मुश्किलले बचाए । उनले बललाई पञ्च गर्दै संकट टारेका थिए । १३ औं मिनेट निराजनको अर्को लामो तर बंगाली गोलकिपरलाई लागेर बाहिर गयो ।

नेपालले २१ औं मिनेटमा अर्को राम्रो अवसर गुमायो । निराजनले उपलब्ध गराएको पासमा अविनाश स्याङ्तानले फितलो प्रहार गरे । ३० औं मिनेटमा सीमान्त थापा फ्रिकिक बारमाथिबाट बाहिर गयो । यस्तै ३१ औं मिनेटमा निराजनले बक्स बाहिरबाट हानेको अर्को प्रहार पोष्ट नजिकबाट बाहिर गयो ।

पहिलो हाफमा बंगलादेशले अन्तिम समयमा पाएको अवसरमा गोल गर्दै अग्रता लियो । मिराजुल इस्लामले ४६ औं मिनेटमा फ्रिकिकबाट गोल गर्दै बंगलादेशलाई अग्रता दिलाए । नेपालका निरज कार्कीले बंगलादेशका मिराजुल इस्लामलाई पेनाल्टी बक्स भन्दा थोरै बाहिर फल गरेपछि बंगलादेशले फ्रीकिक पाएको थियो । त्यसमा मिराजुलले हानेको प्रहार पोष्टमा लागेर गोलमा परिणत भएको हो ।

पहिलो हाफमा गोल खाएपछि दोस्रो हाफको सुरुदेखि नेपाल बराबरी गोल फर्काउने प्रयासमा लागेपनि सफल हुन सकेन । ५५ औं मिनेट मिराजुल इस्लामले व्यक्तिगत दोस्रो गोल गर्दै बंगलादेशको अग्रता दोब्बर पारे । असादुल इस्लाम सकिबको क्रसमा असादुल मोल्लले पेनाल्टी बक्स भित्रबाट हानेको हेडरमा मपराजुल इस्लामले नेपालका गोलकिपर बिट भइसकेको अवस्थामा आरामले गोल गरे । ७१ औं मिनेटमा रबि होसेन राहुलले गोल गर्दै बंगलादेशलाई ३-० को अग्रता दिलाए । मिराजुलको पासमा राहुलले पेनाल्टी बक्स भित्रबाट उत्कृष्ट गोल गरे ।

तीन गोल खाएपछि नेपालका लागि ८० औं मिनेटमा समिर तामाङले गोल गर्दै गोल अन्तर कम गरेका थिए । तर त्यो ढिला भइसकेको थियो । बंगलादेशले उल्टी गोल थप्यो । इन्जुरी टाइमको छैटौं मिनेटमा पीएस अहमद नोभाले गोल गर्दै बंगलादेशको ४-१ को जित पक्का गरे ।

बंगलादेशी टोलीले नेपाल आएर जितेको यो चौथो उपाधि हो । सन् २०१८ मा साफ यु-१५ को उपाधि जितेको बंगलादेशको सिनियर महिला टोलीले २०२२ मा साफ महिला च्याम्पियनसिपको उपाधि जितेको थियो । साफ महिला च्याम्पियनसिपको फाइनलमा पनि नेपाल बंगलादेशसँग ३-१ ले नै पराजित भएको थियो । यस्तै २०२४ मै नेपालमा भएको साफ यु-१५ च्याम्पियनसिपको उपाधि पनि बंगलादेशले जितेको थियो ।

# 'एक्लो'मा कल्की बन्दै प्रदीप

काठमाडौं/गत असारमा आएको दक्षिण भारतीय फिल्म 'कल्की'ले बक्स अफिसमा ठूलो कमाई गर्‍यो । नेपालमा समेत सुपरहिट भएको थियो । अब यही नाम अर्थात् कल्की बनेर नेपालका सुपरस्टार प्रदीप खड्का फिल्म 'एक्लो'मा देखिने भएका छन् । बुधबार सार्वजनिक गरिएको एउटा क्यारेक्टर पोस्टरमा प्रदीपलाई कल्कीको रुपमा चित्रण गरिएको छ । उनको गेटअपले योद्धा चरित्रको संकेत गर्छ ।

कल्की भगवान् विष्णुको दशौं अवतार हो । पुराणकथाका अनुसार कलियुगमा पापको सीमा नाघेपछि दुष्टहरूको संहार गर्न कल्की अवतार प्रकट हुन्छ । कल्की अवतार कलियुगको अन्तिम अवस्थामा हुन्छ । यसले पनि 'एक्लो'मा प्रदीपले निभाउन लागेको चरित्र कस्तो हो भन्ने धेरै हदसम्म बुझाउँछ । सार्वजनिक पोस्टरमा उनी मुख छोपेर आगोको ज्वालामा तरबार लिएर प्रस्तुत भएका छन् ।

फिल्मको बुधबार बिहान काठमाडौंको भद्रकाली मन्दिरमा मुहूर्त समेत गरिएको छ । छायांकन भने बिहीबारबाट सुरु हुने निर्देशक प्रदीप शाहीले जानकारी दिए । उनले यसअघि 'गोर्खा: विनिथ द ब्रेभरी' र 'अन्तिम संस्कार' गरी दुई फिल्मको निर्देशन गरेका थिए । फिल्ममा अभिनय गर्न बेलायती अभिनेता जेमी बेकन समेत काठमाडौंमा आइसकेका छन् । उनी मंगलबार नेपाल आएका हुन् ।

'एक्लो'मा प्रदीप र जेमीका साथै बेनिशा हमाल, सुरज सिंह ठकुरी, सुनिल थापा, विजय लामा, दीया पुन, कविता नेपाली, एवनराज उप्रेती लगायतको पनि अभिनय रहनेछ । सन् २०२५ मा रिलिज लक्ष्य राखिएको फिल्मका कार्यकारी निर्माता क्षितिज सुवेदी खत्री हुन् । फिल्मका लागि नेपालमै अन्तरिक्ष 'रकेट सुट'को निर्माण गरिएको छ । फिल्म बजेट लगभग ५ करोड अनुमान गरिएको छ ।

यो फिल्मले सन् २०३० सम्म एक घातक भाइरल महामारीका कारण मानिसले पृथ्वी ग्रह छोड्न बाध्य भएको कथा भन्नेछ । त्यसको ६० वर्षपछि ब्रिटिस अन्तरिक्ष यात्री (बेकन) आफ्नो टोलीसहित हिमालय क्षेत्रमा ल्यान्डिङ गर्छन् । र, पहाडहरुबीचको एक गुफामा लुकेको शहर पत्ता लगाउँछन्, जहाँ तिनीहरुले रहस्यमय व्यक्ति (प्रदीप)लाई भेट्छन्, जो हिमालय क्षेत्रको पौराणिक संरक्षक हो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडा बजारका कारण रुपान्तरकारी आयोजना अलपत्र

साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/ एशियाली विकास बैंक (एडीबी) को वित्तीय ऋण सहायतामा रुपान्तकारी आयोजनाअन्तर्गत ४ वटा सासेक सडक सुधार आयोजना अघि सारेको भएपनि हेटौंडा बजारका कारण अलपत्र छ ।

चारवटा आयोजनामध्ये पथलैया-हेटौंडा-नारायणघाट सडक खण्डमा टेण्डर लाग्न सकेको छैन । हेटौंडा बजार क्षेत्रको सडक क्षेत्राधिकार भित्रका घरटहरा हटाउन नसकेका कारण एडीबीले काम अगाडि बढाउन सकेको छैन । लामा समयदेखि हेटौंडा बजार क्षेत्रको राजमार्गको दायाँबायाँ २५ मिटर क्षेत्र खाली गर्न नसकेकका कारण समस्या सृजना भएको सडक बिभागले जनाएको छ ।

नारायणघाट-बुटवल सडक, कञ्चपुर-कमला सडक, काँकडभिट्टा-लौकही सडक, मुग्लिङ-आबुखैरनी-पोखरा सडक र काँकरभिट्टा-लौकही (इटहरी) सडक खण्डमा भने काम भइरहेको छ । नारायणघाट-बुटवल खण्ड १ सय १३ किलोमिटर खण्डमा सडक निर्माण, ४६२ वटा कल्भर्ट, ४२ सामान्य पुल र २१ ठूलो पुल निर्माण भइरहेको छ । यो सडक खण्ड निर्माण गर्ने ठेक्का चीनको स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेशनले सन् २०१८ को डिसेम्बरमा पाएको थियो ।

यो सडकखण्डको निर्माण सम्पन्न गर्नका लागि विभागले दुईवटा ठेक्का गरेको थियो । जसमध्ये एउटाको लागत १७ अर्ब २७ करोड रुपैयाँ र अर्कोको लागत १६ अब ९९ करोड रुपैयाँ थियो । ती दुवै ठेक्का सक्नुपर्ने अवधी गत साउन ८ गते तोकिएको थियो । म्याद सक्ने अवधीसम्म यो आयोजनाले ५२.५३ प्रतिशत भौतिक र ४५.२६ प्रतिशत वित्तीय प्रगति गरेको छ ।

८०.३३ किलोमिटर दूरीको मुग्लिङ-पोखरा सडक खण्ड १५ अर्ब ८८ करोड रुपैयाँमा आर्थिक वर्ष २०७७/७८ मा ठेक्का लागेको थियो । यो सडक खण्ड सम्पन्न गर्ने अवधी आर्थिक वर्ष २०८०/८१ तोकिएपनि हालसम्म भौतिक प्रगति ४७ र वित्तीय प्रगति ३१ प्रतिशत मात्रै हासिल गरेको छ । यस्तै ८६.८३ किलोमिटर दूरीको कञ्चनपुर-कमला सडक १५ अर्ब ६६ करोड रुपैयाँमा ठेक्का लागेको छ । सन् २०२४ को डिसेम्बर सम्ममा यो सडक खण्ड ४ र ६ लेनमा स्तरोन्नतीका साथै कालोपत्रे गर्ने योजना छ ।

कूल सडक खण्डमध्ये ७०.३३ किलोमिटर ४ लेन र १६.४९ किलोमिटर ६ लेनमा स्तरोन्नती गर्ने योजना छ । हालसम्म यो सडक खण्डले ५०.३ प्रतिशत भौतिक र ४१.२ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । रुपान्तरकारी आयोजनाअन्तर्गत काँकरभिट्टा-लौकही सडक गत आर्थिक वर्षमा सुरु भएको थियो । यसको लागत ३४ अर्ब ९१ करोड रुपैयाँ छ । ९५.७६० किलोमिटर दूरीको यो सडक आयोजनाले हालसम्म भौतिकतर्फ २.५ र वित्तीयतर्फ ६.५ प्रतिशत प्रगति हासिल गरेको छ ।

यस्तै १३० किलोमिटर दूरीको कमला-ढल्केवर-पथलैया सडकमध्ये कमला-ढल्केवरको (७७ किलोमिटर) ठेक्का लाग्ने प्रक्रियामा छ । ढल्केवर-पथलैया (५३ किलोमिटर) ठेक्का व्यवस्थापनको लागि परामर्शदाताबाट सम्भाव्यता अध्ययनको काम भइरहेको विभागले जनाएको छ । बुटवल-गोरुसिङ्गे-चनौटा सडकमध्ये बुटवल-गोरुसिङ्गे (५० किलोमिटर) दुई प्याकेजमा काम अघि बढाइएको छ । गोरुसिङ्गे-चनौटा खण्डको डिजाइन गर्ने प्रक्रिया पनि सुरु भएको विभागले जनाएको छ ।

# एक महिनाको उपलब्धी समीक्षा गर्दैं मुख्यमन्त्री

साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले काम गर्न अप्ठेरो भएको भए सहज हुने गरी कानुन निर्माण गर्न मन्त्रीहरुलाई निर्देशन दिएका छन् ।

पदभार ग्रहण गरेको एक महिना पुगेपछि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध मन्त्रीसँग छलफल गर्दैं मुख्यमन्त्री लामाले जनताले 'देखिने गरी काम गर्न' निर्देशन दिएका हुन् । बैठकमा सहभागी सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेका अनुसार मुख्यमन्त्री लामाले मन्त्रीहरुसँग एक महिनाको अवधिमा गरेका कामको विषयमा जानकारी लिँदै समस्याको समाधानको उपायका विषयमा चासो राखेका थिए ।

'सबै मन्त्रालयको प्रगति र समस्याको विषयमा जानकारी लिएर हामीलाई काम गर्न अप्ठेरो भएको भए सहज हुने गरी कानुन निर्माण गर्न र संशोधन गर्न निर्देशन भएको छ', प्रवक्ता लामिछानेले भने । बैठकमा सहभागी मन्त्रीले प्रदेशको विपद्को अवस्थाको विषयमा मुख्यमन्त्री लामालाई जानकारी गराएका थिए । 'विपद्को व्यवस्थापन र क्षतिको विषयमा मुख्यमन्त्रीलाई जानकारी गराएका छौं । कुनै औपचारिक निर्णय भएको छैन', मन्त्री लामिछानले भने ।

बैठकमा सहभागी एक मन्त्रीका अनुसार मन्त्रालयगतरुपमा धेरैले समस्या मात्र मुख्यमन्त्रीसमक्ष राखेका थिए । अघिल्लो सरकारले बजेट ल्याएको, पुँजीगत खर्च असाध्यै कम रहेको विषयमा धेरै गुनासो मन्त्रीहरुको थियो । मुख्यमन्त्रीले मन्त्रालयगतरुपमा कार्यसम्पदान करार सम्झौताको विषयमा जानकारी लिएका थिए ।

बैठकमा सामाजिक विकासमन्त्री हरिप्रभा खड्गी, संस्कृति, पर्यटन तथा सहकारीमन्त्री विमल ठकुरी र उद्योग, वाणिज्य भूमि तथा प्रशासनमन्त्री सुकुमाया तामाङको अनुपस्थिति थिए । छलफल करिब २ घण्टा चलेको थियो ।

एक महिनाको अवधिमा मुख्यमन्त्री लामाले मन्त्रिपरिषद्लाई पूर्णता दिँदै तीनपटक मन्त्रीपरिषद् बैठक राख्नेबाहेक अन्य महत्वपूर्ण निर्णय गरेका छैनन् ।

# चेपाङ समुदायका आमा समूहको बैठक

साझाकुरा संवाददाता



हेटौंडा, १२ भदौ/ मकवानपुरको मनहरी-चिसापानी स्थित चेपाङ प्राथमिक विद्यालयका अभिभावक आमाहरुको बैठक सम्पन्न भएको छ ।

विकासका लागि सहयोग र सहकार्य नेपाल (हेल्पकोड) ले आमा समूहको बैठक आयोजना गरेको हो । बैठकमा आमाहरुले विद्यालयमा साना बालबालिकाले भयरहित रुपमा अध्ययन गर्ने वातावरण नभएको बताएका छन् । जंगली हात्ति, गैंडा, बाघ, चितुवालगायत जनावरका कारण साना बालबालिका भयरहित रुपमा विद्यालय जाने र घर फर्कने वातावरण नरहेको बताए । वर्षायाममा खहरेको बाढीको डर, हिउँदमा जंगली जनावरले आक्रमण गर्ला भन्ने डरका कारण समस्या भएको उनीहरुको गुनासो छ ।

जंगलको बीचमा रहेको विद्यालयलाई स्थानान्तण गरी वनकरिया बस्ती र नयाँबस्तीको बीचमा संचालन गर्ने वातावरण बनाउन स्थानीय सरकारसँग माग गरेको भएपनि सुनुवाई नभएको बताए । हेल्पकोडका कार्यक्रम संयोजक ईन्द्रप्रसाद पाण्डे, फिल्ड अधिकृत विकास चेपाङले समन्वय गरेको आमा समूहको बैठकमा बालबालिकालाई नियमित विद्यालय पठाउनका लागि आमा समूहका सदस्यलाई नियमित आयआर्जनमा जोड्ने गरी कार्यक्रम संचालन गर्न माग गरेका थिए ।

हेल्पकोडका कार्यक्रम संयोजक पाण्डेले बालबालिकालाई नियमित रुपमा सफासुग्घर बनाएर विद्यालय पठाउने, विद्यालयमा आफ्ना नानीबाबुको अध्ययनको अवस्था के कस्तो छ भनेर बारम्बार बुझ्ने, आफ्ना नानीबाबुले अध्ययन गर्ने विद्यालय बेलाबेलामा सामूहिक रुपमा सरसफाइ गर्ने कार्य गर्न सुझाएका थिए । यस्तै गरी हेल्पकोडले मनहरी-३ लामिटारमा रहेको नवज्योति प्राविमा पनि आमा समूहको भेला गरी छलफल गरेको विद्यालयकी प्रधानाध्यापक कलावती अधिकारीले जानकारी दिइन् ।

# विद्यालयमा पहिरो, बालबालिका त्रसित

साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/पूर्वी मकवानपुरको बकैया गाउँपालिका-१२, कोलखोपस्थित श्रीप्राथमिक विद्यालयको भवन भत्किएको छ । मंगलबारको अविरल वर्षासँगै माथिबाट पहिरो खस्दा विद्यालयको भवन भत्किएको हो ।

पहिरोले इँट्टा, सिमेन्ट र जस्ताले बनेको भवनको दुईवटा कोठा भत्किएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । पहिरोले कोठाभित्र रहेको फर्निचर र फाइलहरु पूर्णरुपमा क्षति भएको र भवनसँग जोडिएको शौचालयमा समेत आंशिक क्षति पुगेको प्रहरीले जनाएको छ ।

विद्यालय भवनको २ वटा कोठा पूर्णरुपमा क्षति भएपछि यो कोठामा अध्ययन गर्ने छात्रछात्रालाई कक्षा ४ र ५ कक्षामा राखेर पढाउने गरिएको प्रधानाध्यापक निरुता चौलागाईले बताइन् । पहिरोले क्षति पुऱ्याएको २ वटा कोठामा २ र ३ कक्षाका विद्यार्थी अध्ययन गर्थे ।

'पहिरोको कारण विद्यार्थी त्रसित छन् । तैपनि पढ्न आएका छन्,' प्रअ चौलागाईले भनिन् । शिशुकक्षादेखि ५ कक्षासम्म पठनपाठन हुने यो विद्यालयमा ५० जना छात्रछात्रा छन् । तीमध्ये ४९ जना तामाङ समुदायका बालबालिका अध्ययनरत छन् भने एक दलित समुदायका बालक छन् ।


## सूचना ! सूचना !! सूचना !!!

अब किन जानु पर्‍यो विदेश ?

हामी कहाँ आउनुस्

छानीछानी सुमो किनेर

आफैं साहु बन्नुस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

**Singhababini Moto Corp Pvt. Ltd.**

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५



२०६२ सालदेखि चौकीटोल ओरालोमा रहेर सेवारत **लामा फ्रेस मिट सप**

अब नयाँ स्थान र नयाँ नाममा उही उत्कृष्ट सेवासहित...

**ओम फ्रेस मिट सप**

## तपाईंको सेवामा






यहाँ ब्रोइलर, लोकल र लोहाटन कुखुरा तथा खसी, बोकाको मासु पाइनुका साथै चिकेन र मटन म:म को किमा पनि पाइन्छ ।

प्रोप्राइटर:
नुतन लामा

**ओम फ्रेस मिट सप**

हेटौंडा-२ चौकीटोल ओरालो (मन्त्रालय भवनको अगाडि)

सम्पर्क नं. ९८४५०२८४६६, ९८४५८६३७२१



हार्दिक बधाई तथा शुभकामना



मउवासंघ

यस संघका कार्यसमिति सदस्य श्री नरेन्द्र भण्डारीज्यू नेपाल निर्माण उद्योग परिषद् मकवानपुरको अध्यक्ष पदमा सर्वसम्मत चयन हुनुभएकोमा हार्दिक बधाईसहित कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

कृष्ण कुमार गुप्ता (अध्यक्ष) तथा
मकवानपुर उद्योग वाणिज्य संघ परिवार
हेटौंडा, मकवानपुर


सार्वजनिक मकवानपुर यातायात प्रा.लि को

**लेखा परीक्षकको दरखास्त आव्हानबारे सूचना**

उपरोक्त सम्बन्धमा यस कम्पनी को आ.व २०८०/०८१ को लेखा परीक्षण गर्नुपर्ने भएकोले ईच्छुक लेखा परीक्षण गर्न पाउने अधिकार प्राप्त व्यक्ति वा फर्मबाट लेखा परीक्षण दरखास्त आव्हान गरिन्छ । दरखास्तका साथ आफुसंग भएको लेखा परीक्षण गर्न पाउने प्रमाण पत्र प्रतिलिपि एवम् आवश्यक कागजीपत्र सूचना प्रकाशित मितिले १५ दिन भित्र पेश गर्नु पर्ने छ । रित नपुग गरी आएको निवेदन मान्य हुने छैन ।

(थप जानकारीको लागि मुख्य कार्यालय हेटौंडा-१, चाईनाक्वाटरमा सम्पर्क गर्नुहोला ।
मुख्य कार्यालय : ०५७-५२१४८३)




DFSK EC 36

" हाम्रो सुमो सेवाको नौलो प्रस्तुती "

**हाम्रो ई.भी. सेवा**

हेटौंडा-कुलेखानी-फाखेल-काठमाण्डौं-हेटौंडा-ठिङ्गन-सातदोबाटो

काठमाण्डौं काउन्टर:-०१-५४०४४४४, ९८५५०७८४७८ सानेपा पुरानो स्टार हस्पिटलसँगै बल्खु पुलपारी

हेटौंडा काउन्टर:- ०५७-५२१४२१, ९८५५०७८३७८ पुरानो मकवानपुररोड

मुख्य कार्यालय, हेटौंडा :-०५७-५९१०४०

सुरक्षित एवं भरपर्दो यात्राको लागि हाम्रो ई.भी. सेवालाई सम्झनुहोस ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना